# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ वैशाख २४ गते

## आयोग भूकम्प पीडितको अनुगमनमा सक्रिय

राष्ट्रिय मानव अधिकार आयोगको तीन जिल्लामा गएको अनुगमन टोलीले भूकम्प पीडितका लागि राहत वितरण गर्दा सडकछेउमा बसोबास गर्नेले राहत बढी मात्रामा पाएको राष्ट्रिय मानव अधिकार आयोगको अनुगमनका क्रममा पाइएको छ । राष्ट्रिय मानव अधिकार आयोगका सदस्य प्रकाश वस्तीको नेतृत्वमा हालै सिन्धुपाल्चोक, दोलखा र काभ्रेपलाञ्चोक जिल्लामा गरिएको अनुगमन क्रममा राज्यका निकाय, राजनीतिक दल, नागरिक समाजबीच समन्वय अभावका कारण वास्तविक महाभूकम्प पीडितले राहत पाउन नसकेका निष्कर्ष निकालेको छ ।

राहत सामग्रीको रुपमा स्थानीय आवश्यकता भन्दा अनावश्यक सामग्री पठाइएको आयोगले पाएको छ । केन्द्रबाट अनावश्यक अनुगमन टोली तथा पदाधिकारी भूकम्प पीडित स्थानमा गइदिदा राहत वितरणको काममा बाधा पुगेको पनि आयोगले महसुस गरेको छ ।

जिल्लाको सदरमुकाम क्षेत्रमा राहत सामग्री घरवालाले मात्र पाउने तर डेरामा बस्नेहरुले पाउन नसकेको पीडितहरुले आयोगका अनुगमन टोली समक्ष गुनासो गरेका छन् । महाभूकम्पका कारण घर भत्केर पुरिएका चौपाया, जनावर र पशुपंक्षीको सिनोको कारण वातावरण प्रदुषित भई महामारी हुन सक्ने तर्फ पनि आयोगले सरोकारवालाहरुको ध्यानाकर्षण गराएको छ । भूकम्पका कारणले पहाड तथा बाटोमा चीरा परेको देखिएकोले वर्षायाममा बाढी,पहिरो र भूस्खलनको समस्या विकराल रुपमा आइपर्ने हुँदा त्यस तर्फ बेलैमा सचेत हुन जरुरी रहेको आयोगको निचोड छ ।

भूकम्प पीडितहरुका लागि ओत लाग्न आवश्यक पर्ने पाल हालसम्म अति न्यून संख्यामा वितरण भएको आयोगको अनुगमनका क्रममा पाइएको छ । पाल भन्दा जस्ता पाता र निर्माण राहत रकम वितरणमा ध्यान केन्द्रित गर्न आयोगले सरकारको ध्यानाकर्षण गराएको छ ।

यसैगरी आयोगका सदस्य सुदिप पाठकको नेतृत्वमा धादिङ र गोरखाको लागि खटिएको टोली बारपाक पुगेको छ । त्यसैगरी आयोगका सदस्य गोविन्द शर्मा पौड्यालको नेतृत्वको टोली वैशाख २५ गते रामेछाप,ओखलढुङ्गा र सोलुखुम्बुका भूकम्प पीडितको अनुमगनका लागि जाने भएको छ । यस अघि नै आयोगले काठमाडौं,ललितपुर र भक्तपुरमा आफ्नो अनुगमनको कार्य सम्पन्न गरिसकेको छ । निकट भविष्यमा नै भूकम्प पीडित अन्य जिल्लामा पनि आयोगले अनुगमन टोली खटाउने निर्णय गरेको छ ।

वेद प्रसाद भट्टराई

का.मु. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Website: www.nhrcnepal.org